# नीति तथा कार्यक्रम,२०८२/०८३

**तुम्बेवा गाउँपालिका, पाँचथरको १८ औँ गाउँ सभाबाट स्वीकृत मितिः २०८१/०३/१०**

## तुम्बेवा गाउँपालिका, पाँचथर

**कोशी प्रदेश, नेपाल**

**<u>प्रस्तुतकर्ताः</u>**

**बाबुराम खड्का**

**अध्यक्ष**

जय तुम्बेवा

## तुम्बेवा गाउँपालिकाको नीति तथा कार्यक्रम (सम्बोधन र संस्मरण, योगदान, आभार)

सभाका सम्पूर्ण सदस्यज्यूहरु,

तुम्बेवा गाउँपालिकाको अध्यक्षको हैसियतले यो १८ औं गाउँसभाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले सौभाग्यशाली ठानेको छु। विभिन्न तह तप्कामा रहेर प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा देश तथा विदेश रहनुहुने सम्पूर्ण आदरणीय तुम्बेवा गाउँपालिकाबासी महानुभावहरुमा उच्च सम्मान व्यक्त गर्दै सम्झन चाहन्छु। लोकतन्त्र प्राप्तिको निम्ति विभिन्न आन्दोलनको कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै हामीले सुन्दर, समुन्नत र समृद्ध तुम्बेवा निर्माण गर्ने संकल्प लिएको कुरा यहाँहरुलाई विदितै छ।

तुम्बेवा गाउँपालिकाको समग्र दिगो विकास, समावेशी सुशासन र समृद्धिको यात्रालाई थप प्रभावकारी बनाउनका लागि प्रस्तुत गरिएको नीति तथा कार्यक्रमले सम्पूर्ण गाउँपालिकावासीको भावना, सरोकार र आशालाई समेट्ने कुरामा विश्वस्त छु। यस नीति निर्माण प्रक्रियामा विगतका अनुभवहरू, सिकाइहरू र सफल अभ्यासहरूको स्मरण गर्दै हामीले वर्तमान आवश्यकता र सम्भावनाहरूलाई प्राथमिकतामा राखेर आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम निर्माण गरेका छौँ।

गाउँपालिकाको सुशासन, सामाजिक न्याय, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, वातावरण, सूचना प्रविधि, युवा सशक्तीकरण, विपद् व्यवस्थापन, रोजगारी, उद्यमशीलता विकास लगायतका बहुआयामिक पक्षहरू समेट्दै यो नीति तथा कार्यक्रमले समुन्नत र आत्मनिर्भर स्थानीय शासन प्रणाली निर्माण गर्ने दिगो दृष्टिकोण प्रस्तुत गरेका छौँ। गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने सन्दर्भमा तत् अनुसारको पुर्वाधारको निर्माण गर्दै स्वच्छ, सफा, सुन्दर र समृद्ध पालिकाको पहिचान कायम राख्ने योजनाबद्ध शहरीकरणका साथै गुणस्तरीय शिक्षा, स्वास्थ्य, भौतिक संरचना साथै उत्पादन र उत्पादकत्व वृद्धी गरी रोजगार र आत्मनिर्भरता उन्मुख गराउनु नीति तथा कार्यक्रमको प्रमुख प्राथमिकता हुने विश्वास लिएको छु।

## विद्यमान परिवेश

वर्तमान विश्व परिप्रेक्ष्य हेर्दा, समग्र मानव सभ्यता जलवायु परिवर्तन, ऊर्जा संकट, आर्थिक मन्दी, खाद्य असुरक्षा तथा सार्वजनिक स्वास्थ्य संकटको चुनौती भोगिरहेको छ। आधुनिक प्रविधिको तीव्र विकासले जहाँ अवसरहरू सिर्जना गरिरहेको छ, त्यही सूचना सुरक्षा, सामाजिक असमानता र सांस्कृतिक विचलन जस्ता नयाँ समस्याहरू पनि उत्पन्न गराइरहेको छ। विशेष गरी विकासशील तथा विकासउन्मुख राष्ट्रहरूमा यस्ता बहुआयामिक चुनौतीहरूको प्रभाव अझ गहिरो देखिएको छ।

नेपालको सन्दर्भमा, संघीय संरचना अन्तर्गत तीन तहको सरकार बीच समन्वय, सेवा प्रवाहको गुणस्तर, स्रोत परिचालन र जवाफदेहीताका सवालहरू अझ सुदृढ गर्दै लैजाने खाँचो देखिएको छ । महँगी, बेरोजगारी, जलवायुजन्य विपद्, स्वास्थ्य सेवाको पहुँच, कृषि उत्पादनमा गिरावट र युवाशक्ति विदेश पलायन जस्ता समस्याहरू अझै विद्यमान छन् । यद्यपि स्थानीय तह मार्फत सुशासन, पारदर्शिता, योजना निर्माणमा जनसहभागिता र सेवा प्रवाहमा सुधारका थुप्रै सकारात्मक अभ्यासहरू देखिन थालेको नागरिकहरुले अनुभूति गर्न थाल्नु भएको छ । यस्तो परिवेशमा तुम्बेवा गाउँपालिकाको नीति तथा कार्यक्रमले स्थानीय आवश्यकता र सम्भावनालाई आत्मसात् गर्दै दीर्घकालीन विकास, सामाजिक समावेशिता, दिगोपन र सशक्तिकरणलाई प्राथमिकतामा राखेर अघि बढ्ने लक्ष्य लिएको छ ।

**विद्यमान अवसरहरू:**

१. संविधानत: अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।

२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानुन तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।

३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु ।

४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।

५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।

६. नागरिकहरुमा चेतनाको स्तर  अभिवृद्धि हुदै जानु ।

**विद्यमान चुनौतीहरू:**

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।

२. गुणस्तरीय बीउबिजन र मलखाद समयमा नै उपलब्ध गराउनु ।

३. युवा जनशक्तिलाई कृषि व्यवसाय प्रति आकर्षित गर्नु ।

४. शिक्षा प्रणालीलाई रोजगार उन्मुख र सिप युक्त बनाउनु ।

५. व्यवसायिक कृषकको संख्या वृद्धि गर्नु ।

६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु ।

७. गाउँपालिकाको बढ्दो बसाईसराईँलाई नियन्त्रण गरी प्राकृतिक स्रोत जस्तै जल, जमिन लगायतका उत्पादनशिल क्षेत्रमा सदुपयोग गर्नु ।

जय तुम्बेवा

८. बढ्दो राजनीतिक अस्थिरताका कारण विद्यमान शासन प्रणाली प्रति नागरिकमा वितृष्णा पैदा भएकाले असल अभ्यास मार्फत सङ्घीय शासन प्रणाली प्रति नागरिकहरुको विश्वास अभिवृद्धि गर्नु ।

## हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त समिक्षा

## भौतिक पूर्वाधार विकासका क्षेत्रमा भएका उपलब्धी

**सडक यातायात र भवनः-**

यस गाउँपालिकामा हालसम्म ४ कि.मि. पक्कि ढलान, ५५ किलोमिटर ग्राभेल सडक, १८ किलोमिटर विभिन्न स्थानमा ढुङ्गाको सोलिङ, ३८५ किलोमिटर धुले वा कच्ची सडक निर्माण सम्पन्न भएको छ। गाउँपालिकाका सवै वडामा सडकको पहुँच पुगेकोछ साथै टोल तथा बस्तिहरुमा समेत गाडी चल्ने सडक पूर्वाधार विस्तार तथा स्तरोउन्नती भईरहेको छ । गाउँपालिकाबाट अन्तरपालिका कुम्मायक गाउँपालिका हुदै जिल्ला सदरमुकाम फिदिमसम्म पुग्ने छोटो दुरीको सडक निर्माणको क्रममा रहेको छ । अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग तमोर कोरिडोर जोड्ने सडक स्तरोउन्नती हुदै कालोपत्रे हुने चरणमा रहेको छ । यस गाउँपालिकालाई जोड्ने सावाँ खोलामा २ वटा पक्कि पुल निर्माण भइसकेको छ ।साथै नावा खोलामा पक्कि पुल निर्माणको सुरुवात भएको छ । गाउँपालिकाको प्रशासकीय भवन निर्माणको कार्य सम्पन्न भई सोही भवन मार्फत सेवा प्रवाह सुचारु भइसकेको छ । गाउँपालिकाको सामुदायिक भवनबाट आधारभूत अस्पतालको सेवा विस्तार गर्ने गरी आवश्यक पूर्वाधार व्यवस्थापन भइसकेको छ । मेडिकल अधिकृत लगायतको आवश्यक जनशक्ती व्यवस्थापन गरी यथाशिघ्र सेवा प्रवाह गर्ने प्रक्रियामा रहेको छ । मौवा, जोरसल्ले, दशमी र हाङ्गुम बजारहरु पक्की ढलान एवं कालोपत्रेको काम सम्पन्न भएको छ । बजार क्षेत्रको सुन्दरता बढाउन स्टेण्ड सहितको गमला व्यवस्थापन, सडक बत्ती विस्तारको क्रममा रहेको छ । तुम्बेवा वडा नं. २ मा रहेको त्रिवेणी बजारलाई पक्की ढलान गरी यसै आ.व. मा गाउँपालिकाका सम्पूर्ण वडाका प्रमुख बजारहरु ढलानको कामलाई पूर्णता दिइनेछ । गाउँपालिकामा लगभग ८५ प्रतिशत घरधुरीमा विद्युतको पहुँच पुगेको अवस्था छ । तुम्बेवा गाउँपालिका भित्र खानेपानीको सहज आपूर्ति एवं सबै तुम्बेवाबासी नागरिकहरुमा स्वच्छ पिउने पानीको पहुँच पुर्याउनको लागि आवश्यक ठाउँहरुमा खानेपानी ट्यांकी निर्माण तथा पानीको स्रोतहरुको संरक्षण गर्दै लगिएको छ ।

आ.ब. २०८१/०८२ सम्ममा गाउँपालिकाको २० प्रतिशत लागत साझेदारीमा विभिन्न वडामा जम्मा ३० वटा मुख्य सिचाँइ र २ वटा लिफ्ट सिँचाइ कुलो निर्माण सम्पन्न भई खेतीयोग्य जमिनमा सिँचाइ सुविधा प्राप्त भएको छ। त्यस्तै अगामी आ.व.२०८२/८३ मा विपद्का कारण क्षतिग्रस्त ५ मुख्य सिँचाई कूलो साना सिँचाई परियोजनाहरुको मर्मत सम्भार गरिनेछ। ऐतिहासिक पञ्चमी बजार क्षेत्रमा टहरा व्यवस्थापनको कामलाई प्राथमिकतामा राखी यसै आ.व. देखी क्रमिक रुपमा व्यवस्थापन गर्ने गरी निर्माणको काम अघि बढाईएको छ। तुम्बेवा-३ मा रहेको ऐतिहासिक औँशी बजार क्षेत्रलाई विस्तार गरिएको साथै यसलाई थप व्यवस्थापन गर्दै बजारको रुपमा विकास गरिनेछ।

## सामाजिक विकासका क्षेत्रमा भएका उपलब्धी

गाउँपालिकामा प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएको छ। विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेकोछ। युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद मैदान तथा खेल पूर्वाधारहरुको विस्तार गर्दै लगिनेछ। साथै युवाहरुलाई खेलकुद प्रती उत्प्रेरित गराउने उद्देश्यका साथमा तेस्रो अध्यक्ष कप फुटबल प्रतियोगिता, व्याडमिन्टन प्रतियोगिता सम्पन्न भएको छ। गाउँपालिकाका स्वास्थ्य संस्थाहरुमा आवश्यक औषधी, उपकरणहरुको आवश्यक व्यवस्थापन साथै बर्थिङ सेन्टरहरुलाई विस्तार र व्यवस्थित गर्दै लगिएको छ। सामुदायिक विद्यालयहरुलाई जनशक्ति तथा आवश्यक पूर्वाधारहरु व्यवस्थापन गर्दै लगिएको छ। राष्ट्रिय परिचय पत्र गाउँपालिका मार्फत वितरणको काम सुरुवात भएको, गाउँपालिकाका सबै वडा कार्यालय मार्फत नेपाली नागिरकताको अनलाईन सिफारिस सेवा सुचारु गरिएको छ। सामाजिक सुरक्षा भत्ता वितरणलाई पारदर्शी र व्यवस्थित बनाउन बैंक मार्फत लाभग्राहीको खातामा सोझै रकम जाने गरी व्यवस्थापन गरिएको छ।

## सुशासन तथा संस्थागत विकासका क्षेत्रमा भएका उपलब्धी

यस गाउँपालिकाले १५ वटा ऐन, ३७ वटा नियमावली र कार्यविधि राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याइएको छ। संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याइएको छ। संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O&M) विज्ञ मार्फत तयार गरी कार्यालय तथा पद दर्ताको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाई सकिएको छ। आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी निर्देशिका लागु गरिएको छ। गाउँपालिकाको आवधिक योजना तथा मध्यमकालिन खर्च संरचना निर्माण भएको छ। यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ५६.५, स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा ७३.५ र स्थानीय आर्थिक विकास मूल्याङ्कन (LED) मा ४२ प्रतिशत अंक प्राप्त गरेको

छ । आन्तरिक राजश्व स्रोतको दायरामा वृद्धि भएकोछ । गाउँपालिकाको न्यायिक समितिमा दर्ता भएका उजुरीहरुलाई मेलमिलापको माध्यमबाट निरुपण गर्न प्रोत्साहन गरिएको छ ।

## आर्थिक विकासका क्षेत्रमा भएका उपलब्धी

यस गाउँपालिकामा पशुहरुको नश्ल सुधारको लागि गाउँपालिका भित्र निःशुल्क ९६ वटा गाईभैँसीमा निःशुल्क कृतिम गर्भाधान गरिएको छ । रेबिज रोग नियन्त्रणको लागि निःशुल्क रुपमा सामुदायिक तथा घरपालुवा १२४ वटा कुकुरलाई स्थायी रुपमा बन्याकरण तथा ३१५ वटा रेबिज खोप, १२०० लम्पी स्किन रोग विरुद्धको खोप, ५३१० खोरेत रोग विरुद्धको खोप, १५५० बंगुरमा स्वाइन फिबर विरुद्धको खोप निःशुल्क खोप, ९८४८ बाख्रामा पि.पि.आर. रोग विरुद्धको खोप सञ्चालन गरिएको छ र पशुपन्छी रोग उपचार तथा नियन्त्रणको लागि बाह्रै महिना निःशुल्क रुपमा पशुपन्छी औषधी वितरण गरिएको छ । डेरी प्रवर्द्धन कार्यक्रम अन्तर्गत डेरी उद्योगमा दुध विक्री गर्ने १५० जना कृषकहरुलाई निःशुल्क रुपमा डेरी सामाग्रीहरु वितरण गरिएको छ । सुन्तला जात फलफूल पकेट स्थापना भई सञ्चालनमा रहेको छ । यस आ.व.मा २०० रोपनी क्षेत्रफलमा अदुवा पकेट विस्तार भई सञ्चालनमा रहेको छ । गाउँपालिका भित्र क्रियासिल सहकारी संस्थाहरुलाई कोपोमिस अनलाइनमा आवद्धता गरी अनलाइन मार्फत रिपोर्टिङ निरन्तर भइरहेको छ । गाउँपालिकामा ८३ जना नयाँ उद्यमीको सिर्जना तथा उद्यमीको स्तरोउन्नती गरीएको छ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा भएका उपलब्धी

तुम्बेवा गाउँपालिकाले हाल सम्म वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा उल्लेखनीय प्रगति हासिल गरेको छ । सामुदायिक वन उपभोक्ता समूहहरूसँगको सहकार्यमा वन क्षेत्रको संरक्षण, वन अतिक्रमण नियन्त्रण तथा वनजन्य उत्पादनको प्रवर्द्धन गरिएको छ । स्थानीय वातावरणमैत्री नीतिहरू अवलम्बन गर्दै जैविक विविधता संरक्षण, फोहरमैला व्यवस्थापन र हरित प्रविधिको प्रयोगमा जोड दिइएको छ ।

त्यस्तै, विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय विपद् व्यवस्थापन समिति गठन, जोखिम नक्साङ्कन, चेतना अभिवृद्धि कार्यक्रम, आपतकालीन पूर्व तयारी तथा तालिम, उद्धार सामग्रीको पूर्व सञ्चालन गरिएको छ । वातावरणीय प्रभाव मूल्याङ्कन, वृक्षरोपण, जलस्रोत संरक्षण, नवीकरणीय ऊर्जा प्रवर्द्धन लगायतका गतिविधिहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गरिएको छ । यी उपलब्धिहरूले तुम्बेवा गाउँपालिकालाई दिगो विकास र जलवायु परिवर्तनको असर न्यूनीकरणमा सहयोग पुर्याउनुका साथै समुदायलाई सुरक्षित र वातावरणमैत्री जीवनशैली तर्फ अग्रसर गराएको छ ।

जय तुम्बेवा

## आगामी आ.व. २०८२/०८३ को प्रमुख नीति तथा कार्यक्रमहरू

सभाका सदस्यज्यूहरु

अब म आ. व. २०८२/०८३ को विभिन्न विषयगत एवम् क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

- बृहत आङ्ना मौवा तमोर लिफ्टिङ खानेपानी आयोजनालाई व्यवस्थित रुपमा सञ्चालन गर्न यस आ.व. देखिनै बजेट विनियोजन गरी दिगो रुपमा सञ्चालन गर्दै नागरिकको घरघरमा - खानेपानी आपूर्तिबनाई लाई सहजनेछ ।
- जनप्रतिनिधिहरुको नेतृत्वमा बृहत जनश्रमदान कार्यक्रम सञ्चालन गरिनेछ ।
- ऐतिहासिक पञ्चमी हटिया, औंशी बजार लगायतका बजारहरुलाई आवश्यक भौतिक पूर्वाधारहरुको व्यवस्थापन गर्दै लगिनेछ ।
- निर्माण हुन बाँकी २ नं. वडाको केन्द्रमा रहेको त्रिवेणी बजारलाई आर.सि.सि. ढलान गरी आसपासमा गमला तथा सडक बत्ती कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- कार्यालय समयमा मादक पदार्थको सेवनलाई नियन्त्रणका लागि कर्मचारी तथा जनप्रतिनिधिहरुलाई कानुनी प्रक्रिया मार्फत नियमन गरिनेछ ।
- बजारक्षेत्र तथा सार्वजनिक स्थलहरुमा शुद्ध पिउनेपानीको धाराहरु जडान गरी पैदल यात्रीहरुलाई खानेपानीको सुविधा उपलब्ध गराइनेछ ।
- तुम्बेवाको धेरै भूगोल सुख्खा क्षेत्र भएकोले खानेपानी योजना तथा मुहानहरुलाई व्यवस्थित गर्दै नागरिकको घरसम्म शुद्ध पिउने पानिको प्रवन्ध मिलाउदै लगिनेछ ।
- बृहत आङ्ना मौवा तमोर लिफ्टिङ खानेपानी आयोजना दिर्घकालिन रुपमा सञ्चालनको लागि आवश्यक बजेट व्यवस्थापन गर्दै खानेपानी उपभोक्ता समितिलाई सक्रिय बनाउँदै लगिनेछ ।
- यस गाउँपालिकामा बसोबास गर्नुहुने आँखाका दिर्घरोगी नागरिकहरुलाई लक्षित गरी शिविर सञ्चालन गरिनेछ ।
- नागरिकसँग अध्यक्ष कार्यक्रम सञ्चालन गरी नागिरकका गुनासोहरुको सम्बोधन गरिनेछ ।
- गाउँ कार्यपालिकाको कार्यालयमा स्थापना भएको नागरिक सहायता कक्षमा जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहमा सहजता ल्याईनेछ ।

जय तुम्बेवा

- अशक्त तथा अपाङ्गता भएका नागरिकहरुलाई लक्षित गरी राष्ट्रिय परिचय पत्र, नेपाली नागरिकता प्राप्तीको लागि जिल्ला प्रशासन कार्यालयसँग समन्वय गर्दै शिविर सञ्चालन गरिनेछ ।
- गाउँपालिकाका जेष्ठ नागरिकहरुलाई प्रोत्साहन गर्नको लागि जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।
- बाँदर पिडित कृषकहरुलाई आवश्यकताको आधारमा बाँदर नियन्त्रणका उपायहरु अवलम्बन गर्दै लगिनेछ ।
- अन्य स्थानीय तहहरुबाट तुम्बेवा गाउँपालिकामा स्थायी बसोबास गरी आउने परिवारलाई प्रति परिवार रु. १ लाख नगद सहयोग गर्ने व्यवस्था मिलाईने छ ।
- प्लाष्टिक तथा सिसा जन्य वस्तुहरुको प्रयोग गरी जथाभावी फाल्न निरुत्साहित गरिनेछ ।
- सार्वजनिक स्थल वा संघसंस्थाहरुमा मादक पदार्थ सेवन गर्ने व्यक्तीलाई कानुन बमोजिम दण्ड सजाय गरिनेछ ।
- गाउँपालिकामा निर्माण भएका भौतिक पूर्वाधारहरुको नियमित रुपमा मर्मत सम्भारको लागि गाउँपालिकाको ब्याक-हो लोडरलाई प्रयोग गरी सडकहरुलाई चुस्त दुरुस्त बनाईनेछ ।

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### शिक्षा

१. शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर र नियमन एवं प्रवर्द्धन गरिने छ।

२. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी गाउँपालिका मातहतका सामुदायिक विद्यालयहरुमा लागु गरिनेछ ।

३. सामुदायिक विद्यालयहरुमा साप्ताहिक रुपमा हुने अतिरिक्त क्रियाकलापहरुलाई विद्यार्थीहरुको दैनिक जीवनमा प्रयोग उन्मुख गराउँदै लगिनेछ ।

४. विद्यालय बाहिर रहेका र बिचैमा विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

५. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभूत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको व्यवसायिक क्षमता अभिवृद्धिको लागि आवश्यक प्रवन्ध गरिनेछ ।

६. समयानुकुल शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा आवश्यक कार्यविधि निर्माण गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ।

७. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात, विषयगत दरबन्दी, भौतिक संरचना आदिको अध्ययन गरी विद्यालय मर्जिङ प्रक्रियालाई नीति बनाएर कार्यान्वयनको चरणमा लगिनेछ ।

८. विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको कामलाई निरन्तरता दिइनेछ ।

९. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित शिक्षकको खातामा जम्मा हुने प्रणाली यस आ.व. बाट पूर्ण रुपमा लागु गरिनेछ ।

१०. विद्यालय हाता भित्र विद्यालय समयमा कुनै पनि शिक्षक कर्मचारीले मादक पदार्थ सेवन गरी विद्यालयको शैक्षिक तथा सिकाई प्रक्रियामा खलल पुग्ने कुनै पनि कार्य गरेको पाईएमा आवश्यक कानुनी प्रक्रिया अवलम्बन गरिनेछ ।

११. विद्यार्थीको नियमित मूल्याङ्कन प्रकृयालाई व्यवस्थित गराउन एकाइ परिक्षा, साप्ताहिक परिक्षा तथा मासिक परिक्षाका क्रियाकलापहरुलाई प्राथमिकिकरण गरी विद्यालय शिक्षामा लागु गरिनेछ ।

१२. विद्यालय दिवा खाजा कार्यक्रममा हरेक बार फरक खाजा, स्थानीय उत्पादनमा अनिवार्यता भन्ने नीति लागु गरिनेछ ।

१३. सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यार्थीका अभिभावक र शिक्षक बीच समन्वयात्मक सम्बन्ध कायम गर्दै सूचना प्रविधिलाई प्राथमिकिकरण गरिनेछ ।

**युवा तथा खेलकुद**

१. गाउँपालिकामा खेल प्रशिक्षकको व्यवस्थापन गरी स्थानीय खेलाडीहरुको खेल क्षमता अभिबृद्धि गर्ने कार्यलाई जोड दिइनेछ ।

२. गाउँपालिका अध्यक्षकप फुटबल प्रतियोगिता, व्याडमिन्टन प्रतियोगिता र राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता लगायतका खेलहरुलाई निरन्तरता दिइनेछ ।

३. जिल्लास्तर, प्रदेशस्तर हुदै राष्ट्रियस्तरसम्म प्रतिशपर्धा गर्न सक्ने खेलाडीहरुलाई प्रोत्साहन गरिनेछ । गाउँपालिकाको प्रतिनिधित्व गर्ने खेलाडीहरुलाई विमाको व्यवस्था गर्ने नीति लिइनेछ ।

**संस्कृति तथा पर्यटन**

१. तुम्बेवा गाउँपालिका भित्रका ऐतिहासिक धार्मिक स्थल, मठ, मन्दिर र पाटीपौवाहरुको संरक्षण, विकास तथा प्रवर्द्धन गरिनेछ।
२. ओखरबोटेबाट पवित्र तुम्बेवा मन्दिर जाने पदमार्ग निर्माण, वी.पी पार्क र सहिद स्मृति पार्कलाई थप विकास गर्दै लगिनेछ।
३. तमोर राफ्टीङ तथा जीपलाइनको सम्भाव्यता अध्ययन गरी आवश्यक प्रक्रिया अगाडी बढाइनेछ।
४. तुम्बेवाको पहिचान अभिवृद्धि गर्न सक्ने महत्वपूर्ण सांस्कृतिक धरोहर तुम्बेवा हाङसाङ माङहिम, जगतउद्धार बौद्ध गुम्बाको निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
५. फाल्गु-आत्म पवित्र माङहिमको विकास तथा प्रवर्द्धनको कार्यलाई निरन्तरता दिइनेछ।
६. विभिन्न जातजातीहरुको कला,भाषा, धर्म, संस्कृति तथा साहित्यको जगेर्ना गर्ने उद्देश्यले संग्राहलयको विकास गर्ने नीति अवलम्बन गरिनेछ।

**स्वास्थ्य**

१. आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ, गुणस्तरीय, पारदर्शी, जवाफदेही र उत्तरदायी बनाई पहुँच विस्तार गरिनेछ।
२. आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेही पूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ, साथै आधारभूत अस्पताल सेवा विस्तार गरि मेडिकल अधिकृतद्वारा सेवा प्रवाह गरिनेछ।
३. पाँच बर्ष मुनिका बालबालिकाहरुमा प्राप्त गर्नु पर्ने खोपहरुको मात्रा पुरा गरेको सुनिश्चित तथा दिगोपना गरिनेछ साथै नयाँ खोपहरुको विस्तार गरिनेछ।
४. आधारभूत स्वास्थ्य परिक्षण उपकरण तथा स्वास्थ्य संस्थाहरुमा भौतिक पूर्वाधारहरुको व्यवस्थापन गर्दै सेवा प्रवाहलाई बृद्धि गर्दै लगिनेछ।
५. नवजात शिशु मृत्युदर, बाल मृत्युदर, मातृ मृत्युदर घटाउनको लागि मातृ तथा नवशिशु कार्यक्रम, सुरक्षित मातृत्व कार्यक्रम, एकीकृत बालरोग व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।
६. मातृशिशु पोषण अवस्थामा सुधार ल्याउन पोषण कार्यक्रम र बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ।
७. सर्ने र नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक तथा मानसिक रोग सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन, फागुन महिनामा नसर्ने रोगहरु पहिचानको लागि

निःशुल्क स्वास्थ्य परिक्षण गरिनेछ । साथै धुम्रपान मद्यपान न्यूनीकरण सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

८. स्वास्थ्य क्षेत्रमा आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ ।

९. सुत्केरी र क, ख र ग वर्गका अपाङ्गता भएका व्यक्ति तथा ७५ बर्ष भन्दा माथी उमेरका जेष्ठ नागरिकहरुका लागि निःशुल्क एम्बुलेन्स सेवा निरन्तरता दिइनेछ ।

१०. महिला स्वास्थ्य स्वयंसेविका मार्फत सञ्चालन हुने आमा समूह वैठक सुदृढिकरण र महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन, यातायात खर्च निरन्तरता र आधारभूत तालिमको व्यवस्था गरि क्षमता अभिवृद्धि गरिनेछ । साथै नसर्ने रोग, मानसिक स्वास्थ्य र सामाजिक व्यवहार परिवर्तन कार्यक्रम संचालन गरिनेछ ।

११. स्वास्थ्य महामारी तथा सरुवा रोग नियन्त्रणका लागि आवश्यक जनशक्ति र औषधि उपकरण व्यवस्थापन गरिनेछ ।

१२. स्वास्थ्य क्षेत्रको सूचकहरुको मासिक, अर्धवार्षिक र वार्षिक समिक्षा गरिनेछ साथै स्वास्थ्यका कर्मचारीहरुको लागि क्षमता अभिवृद्धि गर्नका लागि तालिमको व्यवस्था गरिनेछ ।

१३. विपन्न नागरिक स्वास्थ्य उपचार सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४. स्वास्थ्य परिक्षण सम्बन्धी विभिन्न शिविर सञ्चालन गरिनेछ । साथै स्वास्थ्य विमा कार्यक्रम सवलिकरणका लागि आवश्यक समन्वय गरिनेछ ।

१५. स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड कार्यक्रम निर्देशिका बमोजिम स्तरोन्नती गरिनेछ । साथै स्वास्थ्य संस्थाहरुको सामाजिक परिक्षण गरी गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिनेछ ।

१६. तुम्बेवा गाउँपालिकामा सामाजिक विकास मन्त्रालय कोशी प्रदेशको सहयोग तथा करुणा फाउण्डेशन नेपाल र राष्ट्रिय अपाङ्गता महासंघसँगको समन्वयमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुनःर्स्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१७. आम नागरिकहरुलाई ९८ प्रकारका निःशुल्क औषधी उपलब्ध गराईनेछ ।

१८. समुदायमा क्षयरोग पहिचानको लागि वृहत स्कृनिङ कार्यक्रम सञ्चालन गरिनेछ । साथै समुदायमा क्षय रोग सम्बन्धी जनचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**आयुर्वेद**

१. स्वास्थ्य जीवन कार्यक्रम रोग लागेर उपचार गर्नु भन्दा रोग लाग्न नदिनुनै उत्तम हुने हुदा रोग लाग्न नदिनको लागि स्वास्थ्य जीवनशैलिको बारेमा जनमानसमा सचेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

जय तुम्बेवा

२. पाँचवटै वडामा योगको प्रचारप्रसार, अभ्यास गराई दिर्घरोग सम्बन्धी जनचेतना गराइनेछ।

३. नसर्ने रोग व्यवस्थापनको लागि दैनिक योग अभ्यास गर्ने वातावरण तयार गर्ने तथा योगीजन एवं (६-८) कक्षाका शिक्षक शिक्षिकाहरुलाई १० दिने आधाभूत योग सम्बन्धी तालिम सञ्चालन गरिनेछ।

४. स्तनपाई आमालाई मातृशिशु सुरक्षा, दुग्धवर्धक जडिबुट्टीजन्य औषधी कार्यक्रम मार्फत मातृशिशु स्वास्थ्य र स्तनपानको महत्त्व बुझाई आमा र बच्चाको स्वास्थ्य सुधार गर्न सचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ।

५. जेष्ठ नागरिकका लागि स्वास्थ्य प्रवर्द्धक सेवा र पूर्वकर्म कार्यक्रमबाट आयुर्वेद स्वास्थ्य संस्थाहरुमा सेवा लिने नागरिकहरुको नियमित रुपमा स्वास्थ्य जाँच तथा सेवा उपलब्ध गरिनेछ।

६. मानिस स्वास्थ्य रहनका लागि खानपान, जीवनशैली आदिका लागि स्वास्थ्य जीवन कार्यक्रम पाँच वटै वडा र माध्यमिक विद्यालयमा गरिनेछ।

**लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

३. ज्येष्ठ नागरिक परिचय पत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

४. सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ।

५. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम सञ्चालन गरिनेछ।

६. गाउँपालिका तथा वडास्तरीय बाल क्लब सञ्जाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण**

१. व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र नै गराउनको लागि स्वास्थ्य संस्थाबाट गरिने बर्थ रिपोटिङ सिस्टम अनलाईन गरिने, जनस्तरमा विभिन्न माध्यमबाट सूचना प्रचार प्रसार गरिनेछ।

२. गाउँपालिकाका वडाहरुबाट नै सामाजिक सुरक्षा भत्ता वितरण गर्दै नागरिकहरुलाई सहजता कायम गर्न बैंकसँग समन्वय गरिनेछ।

३. सामाजिक सुरक्षा भत्तालाई पारदर्शी र डिजिटल बनाउन EFT प्रणाली सञ्चालन, बायोमेट्रिक डिभाइस सञ्चालन गरिने साथै मोबाइल बैंकिङ प्रणालीमा पहुँच अभिवृद्धिका लागि आवश्यक पहल गरिनेछ ।

४. गाउँपालिकाबाट राष्ट्रिय परिचय पत्र वितरणलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

५. गाउँपालिकाका सबै वडाबाट नेपाली नागरिकताको अनलाइन सिफारिस प्रणालीलाई निरन्तरता दिइनेछ ।

६. सामाजिक सुरक्षा भत्ता लिन नचाहेर स्वघोषणा गर्ने व्यक्तिहरुको लागि सम्मान सहित प्रमाणपत्रको व्यवस्था गरिनेछ ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तर्गत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मूल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तर्गतका कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

### उद्योग तथा लघुउद्यम विकास कार्यक्रमः-

१. उद्योग व्यवसाय दर्ता, नवीकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रक्रियालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।
२. हस्तकला, स्थानीय उत्पादन खाद्य प्रशोधन उद्योगलाई प्रत्साहन दिइनेछ । यसका लागि वित्तिय सहायता सहित तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।
३. गाउँपालिकाको आर्थिक वृद्धिका लागि लघु तथा घरेलु उद्योग सञ्चालनको लागि आवश्यक प्रबन्ध गरिनेछ ।
४. युवाहरुलाई लक्षित गरेर उद्यमशिलता र व्यवसाय विकास तालिम सञ्चालन गरिनेछ ।

### कृषि तथा पशुपन्छी

१. तुम्बेवा गाउँपालिकाबासी आम कृषकहरुको खाद्य सुरक्षाको नीति अवलम्बन गरिनेछ ।
२. उन्नत जातका विउ वितरण गरी मौसमी तथा बेमौसमी खेती प्रणालीलाई सुदृढ गर्दै लगिनेछ।
३. जैविक र जलवायु स्मार्ट कृषि प्रणालीको प्रवर्द्धन गरिनेछ ।
४. कृषक दर्ता, कार्ड प्रणाली, वर्गिकरण सहितको कृषक परिचय पत्रको लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।

५. माटो परिक्षण कार्यक्रम संचालन गरी कृषि ज्ञान केन्द्रसँगको समन्वयमा भूगोल सुहाउँदो व्यवसायिक फलफूल खेति गर्न लिचि, आँप, कि.भि, एभोकार्ड, कागती, सुन्तला, दाँते ओखर, मेवा, लिचि फलफूल रोपण कार्यक्रम प्रवर्द्धन गरिनेछ।

६. कृषिमा अनुदानका कार्यक्रमहरु प्रभावकारी ढंगबाट सञ्चालन गर्न गाउँपालिका भित्र रहेका कृषि फर्म, समूह र सहकारीहरुको स्तरउन्नति गर्दै व्यवसायिक रुपमा फर्म सञ्चालन गर्ने उत्कृष्ट फर्म, समूह, संस्था र सहकारीहरुलाई पुरस्कृत गर्दै लगिनेछ।

७. उच्च मूल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी व्यवसायिक कृषि कार्यक्रम सञ्चालन गरिनेछ।

८. साना कृषि औजार र कृषिमा यान्त्रीकरण गरी व्यवसायिक कृषि पकेट क्षेत्रमा सिँचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, शीत भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गर्न आवश्यक पहल गरिनेछ।

९. स्वास्थ्य मापदण्डमा आधारित मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती व्यवस्था मिलाइने छ।

१०. पशुपालन व्यवसायलाई निर्वाहमुखीबाट व्यवसायिकरण गर्न कृषकहरुलाई आवश्यक -विषयगत तालिमहरु सञ्चालन गरिनेछ।

११. नश्ल सुधार गर्न गाई भैसीमा निःशुल्क रुपमा कृत्रिम गर्भधान कार्यक्रमलाई कार्यान्वयन गरी उन्नत जातका पशुपालन व्यवसायमा जोड दिईनेछ।

१२. गाउँपालिका भित्र गाईवस्तु, बाख्रा पाठा लगायत पशुपन्छीमा लाग्ने जुनोटिक रोग लगायत विभिन्न रोगहरुको औषधि उपचारको लागि आवश्यक मात्रामा निःशुल्क प्रबन्ध मिलाईनेछ।

१३. पशु आहारा व्यवस्थापन गर्न निःशुल्क विभिन्न किसिमका हिउदे तथा वर्षे घाँसको बिउ, तथा बिरुवा वितरण गरिनेछ।

१४. पशु स्वास्थ्यलाई ध्यानमा राखी निःशुल्क रुपमा विभन्न समयमा लम्पी, पि.पि.आर.,खोरेत, स्वाइन फिवर रोग विरुद्ध पशुपन्छी खोपको प्रबन्ध मिलाइनेछ।

१५. निःशुल्क- रुपमा २४ सै घण्टा पशु स्वास्थ्य सम्बन्धी परामर्शको व्यवस्था मिलाइनेछ।

**सहकारी**

१. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

जय तुम्बेवा

२. सहकारीहरुको माध्यमबाट उत्पादनशील क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर सृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

३. गाउँपालिका भित्रका सहकारी संस्थाहरुको नियमन गर्दै सहकारी संस्थाहरु प्रतिको नागरिकहरुको विश्वास अभिवृद्धिमा जोड दिइनेछ।

४. गाउँपालिका भित्र क्रियासिल सहकारी संस्थाहरुलाई कोपोमिस अनलाइनमा आवद्धता गरी अनलाइन मार्फत रिपोर्टिङ निरन्तरता दिइनेछ।

**रोजगार**

१. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमलाई अझ प्रभावकारी रुपमा अगाडी बढाउन कामको लागि पारिश्रमिक आयोजना सञ्चालन गर्न पालिकाका तथा वडाको लागत साझेदारी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२. स्थानीयस्तरमा रोजागारीको प्रवर्द्धनको लागि सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए श्रममूलक प्रविधिको प्रयोग गरि रोजगारी सिर्जनामा जोड दिइनेछ । बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन तथा विश्लेषण गरि रोजगार सूचना व्यवस्थापन प्रणालीमा बेरोजागर सूचि अद्यावधिक र व्यवस्थित  गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३. रोजगार सम्वाद मञ्चको माध्यमबाट सरोकारवालाहरुसँग थप समन्वय गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

४. वैदेशिक रोजागारीबाट फर्किएकाहरुलाई उनीहरुको सिप र क्षमताको प्रयोग गरी उत्पादनमूलक क्षेत्रसँग आबद्ध गर्दै लगिनेछ।

५. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको श्रम स्वीकृती र पुनः श्रम स्वीकृतीलाई  प्रभावकारी रुपमा कार्यान्वयन लागि कार्यलाई निरन्तरता दिइनेछ। साथै वैदेशिक रोजगार सम्बन्धी अभिलेख र परामर्श सेवा सञ्चालन गरिनेछ।

६. सुरक्षित आप्रवासन कार्यक्रम (सामी) मार्फत वैदेशिक रोजगार सम्बन्धी क्रियाकलापहरु साथै विभिन्न कार्यक्रमहरु सञ्चालन तथा व्यवस्थापन गरिनेछ।

७. सूचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकताको आधारमा सार्वजनिक विकास निर्माणको काममा न्यूनतम १०० दिनको रोजगारी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८. आन्तरिक रोजगारी सृजना गर्न सरोकारवाला निकाय र निजि क्षेत्रसँगको सहकार्य र समन्वयमा जोड दिदै लगिनेछ। युवा तथा शैक्षिक बेरोजगारीहरुलाई प्राथमिकतामा राखी स्वरोजगार मूलक

कार्यमा संलग्न गराईनेछ र **श्रमको सम्मान राष्ट्रको अभियान** सँगै श्रमदानसँग नागिरकलाई जोड्न विशेष अभियान सुरुवात गरिनेछ ।

९. युवाहरुलाई सीपमा आबद्ध गर्दै दक्ष जनशक्ती उत्पादन तथा गरिबी निवारणको लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०. बालश्रम न्यूनीकरण कार्यक्रम सञ्चालन गरी बाल अधिकारको संरक्षण गर्दै लगिनेछ ।

## ३. सुशासन तथा संस्थागत विकास सम्बन्धी नीति तथा कार्यक्रम

### सार्वजनिक सेवा प्रवाह

१. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ ।

२. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो व्यवस्थापन, नागरिक बडापत्र, उजुरी पेटीका हेल्प डेस्कहरुको प्रयोग मार्फत सार्वजनिक सेवा प्रवाहलाई जनमैत्री बनाइनेछ ।

३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछयौट गर्ने कार्य अगाडी बढाईनेछ ।

४. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

५. गाउँ कार्यपालिकाको कार्यालय तथा मातहतका निकायहरुमा रिक्त रहेका दरबन्दी मुताविकका पदहरुको पदपूर्ति गर्दै सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाइनेछ ।

६. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुन सक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ ।

७. गाउँपालिकाको सुरक्षालाई चुस्त दुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा , पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरु तथा बजार क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान कार्यलाई निरन्तरता दिइनेछ ।

८. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

९. सङ्घीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१०. गाउँपालिका तथा मातहतका निकायहरुमा विद्युतीय हाजिरीलाई प्रयोगमा ल्याइ सेवा प्रवाहमा सुशासन कायम गरिनेछ।

११. सार्वजनिक जवाफदेहिता तथा पारदर्शिता प्रवर्द्धनको लागि समय समयमा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**सूचना तथा सञ्चार**

१. सञ्चार संस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाक्षेत्र भित्रबाट प्रकाशित हुने सूचना स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाईन, सामजिक सञ्जाल, वेवसाइट र एफ. एम. रेडियो मार्फत प्रसारण गरिनेछ।

२. विज्ञापन तथा सूचनामा स्थानीय सञ्चार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

३. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचना मैत्री बनाइनेछ।

**न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन**

१. नागरिकको आधारभूत हक र स्वतन्त्रताको संरक्षण, लैङ्गिक तथा सामाजिक समानताको प्रवर्द्धन र विधिको शासन सुनिश्चित गर्न समुदायमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२. न्यायिक समिति मार्फत विवाद समाधान प्रणालीलाई प्रभावकारी बनाउँदै मेलमिलाप, सुलह र सहमतिको संस्कारलाई संस्थागत गरिनेछ।

३. महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्तिहरू तथा अन्य सीमान्तकृत समुदायको न्यायमा पहुँच बढाउने उद्देश्यले निःशुल्क कानुनी सहायता सेवा, सचेतना कार्यक्रम, कानुनी साक्षरता शिविर सञ्चालन गरिनेछ।

४. स्थानीय कानून निर्माण प्रक्रियामा नागरिक सहभागिता सुनिश्चित गर्दै, पारदर्शिता, जवाफदेहिता र सुशासनलाई प्रवर्द्धन गर्ने कार्यलाई प्राथमिकतामा दिइनेछ।

५. मानव बेचबिखन, लैङ्गिक हिंसा, बालश्रम, बालविवाह जस्ता सामाजिक अपराध नियन्त्रण गर्न शिक्षा, अभिमुखीकरण र निगरानी प्रणालीमा प्रवर्द्धन गरिनेछ।

## ४. वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

१. विपद् व्यवस्थापन कार्यलाई थप प्रभावकारी तथा जनमुखी बनाइनेछ साथै राहत र उद्धार कार्यक्रम सञ्चालन गरिनेछ।

२. वातावरण प्रदुषण न्यूनीकरणको लागि प्लाष्टिक तथा प्लाष्टिकजन्य वस्तुहरुलाई नियन्त्रण गर्दै स्वच्छ सफा र सुन्दर तुम्बेवा निर्माणमा गरिनेछ।

जय तुम्बेवा

३. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली तुम्बेवा र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

४. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

५. जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई कानून बमोजिम जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ ।

६. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन कार्यान्वयन गर्दै वातावरण मैत्री विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

७. उच्च जोखिमयुक्त क्षेत्रको नक्साङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना अनुसार कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८. विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद् पूर्व तयारी, विपद् न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ व्यवस्थित र प्रभावकारी वनाइनेछ ।

९. ढुंगा, गिट्टि र बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवम् अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ ।

१०. भूकम्पीय जोखिम न्यूनिकरणको लागि भूकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

## ५. भौतिक पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. पूर्वाधार निर्माणका आयोजनाहरु सञ्चालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउने नीति लिइनेछ ।

२. दीर्घकालिन लगानी मार्गदर्शनका लागि गाउँपालिका सडक गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

३. गाउँपालिकाको समग्र विकासमा महत्वपूर्ण भूमिका खेल्न सक्ने ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिकाका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन ।

४. निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजनको कार्यलाई निरन्तरता दिइनेछ ।

५. नेपाल राष्ट्रिय भवन संहिता २०६०, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवम् स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ । भवन निर्माण अनुमति प्रक्रियालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ ।

६. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्यलाई निरन्तरता दिइनेछ ।

७. गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार अद्यावधिक गरिनेछ ।

८. सार्वजनिक यातायातका साधनहरुको व्यवस्थित पार्किङका लागि बजारक्षेत्रमा पार्किङ स्थलहरुको व्यवस्थापन गरिनेछ ।

९. गाउँपालिका भित्रका बजार तथा मुख्य सडकहरुमा नाली तथा ढलको उचित व्यवस्थापन गरिनेछ ।

## ६. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदारसँग परामर्श, समन्वय र साझेदारी गरिनेछ।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ । प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

४. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अद्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

५. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको उत्खनन् ठेक्का प्रक्रिया मार्फत गराई आन्तरिक राजश्व अभिवृद्धि गर्ने नीति लिइनेछ ।

जय तुम्बेवा

तुम्बेवा गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्तावित नीति तथा कार्यक्रमले समावेशी विकास, सामाजिक न्याय, सुशासन र दिगो समृद्धिको मार्गचित्र प्रस्तुत गरेको छ । नागरिकको आवश्यकता, स्रोत साधनको उपयोग र स्थानीय पहिचानलाई आत्मसात गर्दै यो नीति तथा कार्यक्रम तयार गरिएको छ । यस मार्फत समृद्ध, सुरक्षित र नागरिक मैत्री स्थानीय शासन प्रणालीको स्थापना गर्ने लक्ष्य लिइएको छ । कार्यान्वयनको प्रभावकारिता सुनिश्चित गर्न सबै सरोकारवाला निकाय, जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज तथा समुदायको सहकार्य अपरिहार्य हुनेछ । यो नीति तथा कार्यक्रम सबैका साझा प्रयासद्वारा सफल कार्यान्वयन हुनेमा हामी विश्वस्त छौँ।

अन्त्यमा,

सम्पूर्ण सभाका सदस्यज्यूहरु, नीति तथा कार्यक्रमको तयारी, परामर्श तथा अन्तिम रूप दिनमा सक्रिय सहयोग पुऱ्याउनु हुने सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, सरोकारवाला निकाय, नागरिक समाज, सञ्चारकर्मी, सुरक्षाकर्मी, विज्ञ तथा आम तुम्बेवावासी प्रति म हार्दिक आभार प्रकट गर्न चाहन्छु । सबैको साझा परिश्रम, सुझाव र सहकार्यले यस नीति तथा कार्यक्रमलाई यथार्थपरक, व्यवहारिक र भविष्यमुखी बनाउन सहयोग पुग्ने अपेक्षा गरेको छु । आगामी दिनमा समेत यस्तै सहयोग, मार्गदर्शन र निरन्तर सहकार्य रहने अपेक्षाका साथ पुनः एकपटक सम्पूर्णमा धन्यवाद व्यक्त गर्दै यस १८ औँ गाउँ सभा समक्ष आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्ताव पेश गरेको छु ।

जय तुम्बेवा